# ईच्छाकामना गाउँपालिकाद्धारा आयोजित

विद्यार्थीको मुटु बाथरोग र मृगौलारोग कार्यक्रमबारे
रिपोर्ट- २०७६

**सहजकर्ता संस्थाः**
**स्वास्थ्य दर्पण मिडिया**
**नेटवर्क प्रा.लि., चितवन**

Scanned with CamScanner

VAT No.: 604277011

# स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा. लि.
## SWASTHYA DARPAN MEDIA NETWORK PVT. LTD.
Bharatpur, Chitwan

प. स. 066/66
च. नं.

मिति 2066/12/03 गते

श्रीमान् अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत ज्यू,

ईच्छाकामना गाउँपालिका,चितवन

विषय : विद्यार्थीको मुटु तथा मृगौलाको निःशुल्क स्वास्थ्य परीक्षणको जानकारी बारे ।

❖ ईच्छाकामना गाउँपालिकामा आयोजित मुटु बाथरोग र मृगौलारोग कार्यक्रमबारे जानकारी

चितवन जिल्लाको पहाडी क्षेत्र ईच्छाकामना गाउँपालिकामा रहेको सर्वशान्ति मा.वि.कुरिनटार र जनप्रिय मा.वि.काउलेमा अध्ययनरत १ हजार ५० जना विद्यार्थीको मुटु तथा मृगौलाको निःशुल्क स्वास्थ्य परीक्षण तथा सम्बन्धित रोगको विषय विशेषज्ञ चिकित्सक मार्फत सचेतना कार्यक्रम उत्साहजनक सहभागीतामा सम्पन्न गरिएको जानकारी गराउदछौ ।

ईच्छाकामना गाउँपालिकाको आयोजना र स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा.लि. चितवनको संयोजनमा भएको यस कार्यक्रम २ दिन सञ्चालन गरीएको थियो । गाउंपालिकाकी अध्यक्ष श्री गीता कुमारी गुरुङ ,उपाध्यक्ष श्री किर्तीकुमार श्रेष्ठ ,प्रमुख प्रशासकिय अधिकृत सुकदेव लम्साल ,स्वास्थ्य शाखा प्रमुख श्री बासुदेव सापकोटा , शिक्षा शाखा प्रमुख दुर्गा देवी खड्का, सर्वशान्ति मा.वि.कुरिनटारका प्राचार्य श्री जोन खरेल , जनप्रिय मा.वि.काउलेका प्राचार्य [illegible]बहादुर अधिकारी ,पत्रकार रोहिणी त्रिपाठी,हिरालाल गुरुङ ,वडा अध्यक्ष ज्युहरु , गाउँपालिका प्रवक्ता लगायत बिभिन्न सामाजिक संघ संस्थामा आवद्ध व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । यस कार्यक्रमलाई निमार्ण गरी नेपाल टेलिभिजन प्लसबाट प्रसारण हुने लोकप्रिय कार्यक्रम **स्वास्थ्य दर्पणमा प्रसारण** गरीनुका साथै स्थानिय तथा राष्ट्रिय पत्रपत्रिका ,टेलिभिजन,रेडियो र अनलाईन समावार मार्फत उत्साहजनक तरीकाले यस कार्यक्रमबारे प्रकाशन तथा प्रसारण गरीएको जानकारी गराउदछौं ।

उक्त २ दिने रिसर्च स्क्रिनिङ्ग शिविरमा वरिष्ठ मुटुरोग विशेषज्ञहरुले इकोकार्डियोग्राफि मेसीन मार्फत जाँच गर्दा अभिभावक र विद्यार्थी सहित करीव १७ जना मुटुको बाथरोग , १ जनामा जन्मजात मुटु प्वाल र भल्व लिकेज देखिएको मुटुरोग विशेषज्ञ डाक्टर शंकर लौडारी र डा. केशव बुढाथाकीले जानकारी दिनुभयो । शिविरमा संलग्न डाक्टर शंकर लौडारी र डाक्टर केशब बुढाथोकीले विद्यालयमा अध्ययनरत ५ देखी १५ वर्ष उमेरका बालबालिकाहरुमा मुटुको भल्व साँघुरो हुने ,धड्कन अनियमित जस्ता लक्षण देखिएको वताए । सोहि शिविरमा विद्यार्थीहरुको मृगौलारोग बारे जानकारी लिन रगतमा सुगर,क्रिटिनाईन र पिसावमा एल्वोमिन ,प्रोटिको परीक्षण गर्दा सबै जसो विद्यार्थीहरुको मृगौलाको अवस्था स्वस्थ्य रहेको वरिष्ठ मृगौलारोग विशेषज्ञ डा.सन्तोष गुरुङ र मेडिकल ल्याव टेक्नोलोजिष्ठ उत्तम कुवँरले बताउनु भएको भयो ।

सो अवसरमा बोल्दै गाउँपालिकाकी अध्यक्ष गीता कुमारी गुरुङले रोग लाग्नु भन्दा रोग लाग्नै नदिई नागरीकलाई शारिरिक र मानसीक रुपमा स्वास्थ्य बनाउने अभियान स्वरुप पहिलो चरणमा यो कार्यक्रम विद्यार्थी लक्षित गरीएको र आगामी वर्ष सवै वडालाई योजनावद्ध ढंगले यस कार्यक्रमलाई संञ्चालन गर्ने बताउदै चितवनको विकट गाउंका विद्यार्थीलाई दिइएको स्वास्थ्य परीक्षणबाट ठुलो लाभ मिलेको गुरुङले बताउनु भयो । त्यस्तै उपाध्यक्ष किर्तीकुमार श्रेष्ठले यस्ता कार्यक्रमले भविष्यका कर्णधार विद्यार्थीको स्वास्थ्यबारे जानकारी प्राप्त हुनुका साथै केहि भएमा वेलैमा थप उपचारका लागी सहज हुने र यसका लागी गाउँपालिकाले गनुपर्ने सहयोग प्रति

Cell: 9855050996, 9845082096 Email: swasthyadarpannews@gmail.com, Web: www.swasthyadarpan.com.np

Scanned with CamScanner

- **मृगौलारोग प्रभावित बिरामिकोबारे जानकारी तल प्रस्तुत गरिएको छ ।**

विद्यार्थीहरुको मृगौलारोग बारे जानकारी लिन रगतमा सुगर,क्रिटिनाईन र पिसाबमा एल्बोमिन ,प्रोटिनको परीक्षण गर्दा सबै जसो विद्यार्थीहरुको मृगौलाको अवस्था स्वस्थ रहेको वरिष्ठ मृगौलारोग विशेषज्ञ डा.सन्तोष गुरुङ र मेडिकल ल्याब टेक्नोलोजिष्ठ उत्तम कुँवरले बताउनु भएको थियो ।

- **जनशक्ति**

डा. शंकर लौडारी - वरिष्ठ मुटरोग विशेषज्ञ

डा. केशव बुढाथोकी - मुटरोग विशेषज्ञ

डा.सन्तोष गुरुङ - वरिष्ठ मृगौलारोग विशेषज्ञ

डा.संकेत

उत्तम कुँवर - टेक्नोलोजिष्ट आर.डि.एल. चितवन

सन्दीपकुमार श्रेष्ठ
अध्यक्ष एवं प्रवन्ध निर्देशक
स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा.ली.
केन्द्रिय कार्यलय, चितवन

SWASTHYA DARPAN MEDIA NETWORK Pvt. Ltd. Bharatpur, Chitwan

Scanned with CamScanner


















Scanned with CamScanner

VAT No.: 604277011

# स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा. लि.
# SWASTHYA DARPAN MEDIA NETWORK PVT. LTD.

Bharatpur, Chitwan

प.सं. ०६६/६६
च.नं.

मिति: २०६६/११/१५

## सम्झौता पत्र

लिखितम भरतपुर १२ प्रेरणारोड स्थित स्वास्थ्य दर्पण मिडिया नेटवर्क प्रा.ली (यो प्रथम पक्ष भनिएको )...१ र इच्छाकामना गाउँपालिका चितवन (यस पछि दोस्रो पक्ष भनिएको ).....२ का बिच तपसिलका सर्तहरुको अधिनमा रहने गरी मिति २०६६/११/१५ गते यसै गाउँपालिकामा मृगौलारोग सचेतना ,स्वास्थ्य जाँच र टेलिभिजन कार्यक्रम निर्माण गर्नेबारे दुबै पक्ष सहमत भई यो करार सम्झौतामा हामी दुबै पक्षले हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौ ।

❖ **सम्झौताका सर्तहरु :**

- ❖ मृगौला रोग संगै मानव स्वास्थ्यमा यसले पार्ने नकारात्मक असरबारे सचेतना फैलाउने ।
- ❖ मृगौला रोग र त्यसको नेपालमा उपचारको विकास,सेवा र सरकारी नितिबारे जानकारी प्रदान गर्ने ।
- ❖ यस खाले रोगलाई सृजना गर्ने विभिन्न कारणबारे जानकारी दिलाई सचेत गराउने ।
- ❖ यस रोगबारे सम्बन्धित विज्ञसंगको सहजीकरणलाई टेलिभिजन कार्यक्रमको रुपमा निर्माण गरी देश विदेशका दर्शक माझ सचेतना फैलाउने ।
- ❖ आफ्नो स्वास्थ्यबारे सधैं सचेत र स्वस्थकर जिवनयापन गर्नका लागी उत्प्रेरणा जगाउने ।
- ❖ आफु स्वस्थ भए मात्र समाज र राष्ट्रलाई स्वस्थकर योगदान प्रदान गर्न सकिन्छ भन्ने भावना जगाउने ।
- ❖ जनप्रतिनिधि,सरोकार निकाय र लक्षित समुदाय संग प्रत्यक्ष अन्र्तक्रिया गर्ने ।
- ❖ कार्यक्रम बाट प्राप्त महत्वपुर्ण विषयलाई स्वास्थ्य नितिका लागी प्रभावकारी हुने प्रतिवेदन तयार पारी सरकारी निकायलाई विशेष समारोहका विच हस्तान्तरण गरीनेछ ।

प्रसारण टेलिभिजन : **नेपाल टेलिभिजन** प्लस ,सिहंदरबार काठमाण्डौं
कार्यक्रमको नाम : **स्वास्थ्य दर्पण**
प्रसारण समय : **बिहिबार** साँझ ७ : ३० देखी ८ : ०० वजे
पुन : प्रसारण : **बिहिबार** राती १२ :३० देखी १ : ०० वजे
पुन : प्रसारण : **आईतबार** दिउंसो ४ :३० देखी ५ : ०० वजे

## आर्थिक लागत :

- खोज तथा अनुसन्धान : २८,४०१ /
- स्वास्थ्य प्राविधिक सामग्री विविध : ५९,०००/-
- मिडिया प्राविधिक खर्च : ४९,००० /-
- मिडिया पुन:प्रसारण सहित ६ ऐपिसोड खर्च : १,७९,००० /-
- कार्यक्रम विविध खर्च : २९,००० /-
- जम्मा खर्च रु.३,४४,४०१ ( अक्षरुपी रु. तीनलाख चौवालिस हजार चारसय एक) मात्र ।
- सम्झौताको कुल रकमको ४०% प्रतिशत प्रथम पक्षलाई दोस्रो पक्षले पेश्की बापत भुक्तान गर्नु पर्नेछ
- केहि विषय हेरफेर गर्नु परेमा आपसी समझदारीमा गरीनेछ ।

प्रथम पक्ष
नाम : सन्दीपकुमार श्रेष्ठ
पद : कार्यकारी अध्यक्ष
हस्ताक्षर :

दोस्रो पक्ष
नाम :
पद : ......
हस्ताक्षर : ......

ईति सम्वत ....... साल ...... महिना ..... गते रोज ....... शुभम् ।

९855050996, 9845082096
Email: swasthyadarpannews@gmail.com, Web: www.swasthyadarpan.com.np

Scanned with CamScanner